आज मिति २०७४ माघ २१ गते, आईतवारका दिन बिहान ठिक ८.०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा २४ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :-

| | | पदाधिकारी |
|---|---|---|
| हस्ताक्षर | | |
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - | सदस्य |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | - | सदस्य |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सदस्य सचिव |

आमन्त्रित :-

| | | |
|---|---|---|
| २१. श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. श्री मन्दिरा मर्हजन | - | नायब सुब्बा |

प्रस्ताबहरु :

१) सुमो तथा अन्य सवारी साधन व्यवस्थापन गर्ने सम्वन्धमा ।

२) विविध

१) मिति २०७४/१०/१६ गते नगर कार्यपालिकाका सदस्यहरु र अन्य सरोकारवालहरु संगको छलफलबाट निर्णय भए बमोजिमको देहायका बिषयहरुलाई व्यवस्थित गर्ने ।

"क) टाटा सुमोलाई १० देखी १५ मिनेट दक्षिणकाली नगरपालिका वडा नं ७ को फऱ्याकुल डाडाँको पार्कमा रोकी सवारी चालकहरुलाई प्रशिक्षण दिने साथै चेक प्वाईट पार्कमा नै व्यवस्थापन गर्ने ।

ख) आजको मितिले ७ दिन भित्र पार्क ग्राभेलिङ्ग गर्ने र शौचालयको व्यवस्थापन गर्न प्रकृया अगाडी बढाउने ।

ग) सवारी आवत जावत खण्डमा होडिङ्ग बोर्ड तथा विविध सुचना बोर्डहरु राख्ने ।

घ) प्रति सुमो सरसफाईको लागी रु१५/- ( अक्षेरुपी पन्ध्र रुपैया मात्र) लिने ।

ङ) रुट प्वाईनट नभएको सडकबाट सवारी नचलाउने ।

च) टाईम कार्डको अनुगमन पार्कमा बस्ने चेकजाचँ गर्ने अधिकारीले गर्ने ।

छ) यस टाटा सुमो व्यवस्थापन गर्ने सम्बन्धमा व्यवसायीहरुबाट एक उपसमिति गठन गरी नगरपालिकासंग समन्वय गर्ने ।

ज) बल्खु दक्षिणकाली सिस्नेरी सडक खण्ड सहज गर्न सम्वन्धित निकायमा पहल गर्ने ।

झ) दक्षिणकाली नगरपालिका वडाँ नं ७ को फऱ्याकुल डाँडाबाट आजको मितिले ४५ दिन भित्र सुमो संचालन गर्ने पहल कदमी गर्ने । "

यस बल्खु दक्षिणकाली सिस्नेरी हेटौडा खण्डमा कुनै अप्रिय घटना नहोस् भनी घटना न्यूनिकरणका आवश्यक प्रकृयाहरु अपनाउने कार्यलाई व्यवस्थित गर्ने ।

२) उक्त ठाउँमा शौचालय, काउन्टर र अन्य आवश्यक पूर्बाधार निर्माण गर्ने । शौचालय शुल्क पिसाब फेरेको रु ३/- र दिसा गरेको रु. ५/- तोक्ने ।